# मर्स्याङ्दी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भुलभुले, लमजुङ
गण्डकी प्रदेश, नेपाल

**मर्स्याङ्दी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८२**

पारित मितिः २०८२/०४/०६

# मर्स्याङ्दी गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावनाः**

मर्स्याङ्दी गाउँपालिका भित्र नियम कानुन र स्थानिय मापदन्ड अनुसार अनुमति र स्विकृति प्राप्त गरी सन्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तर बृद्दि गर्न,विद्यार्थी सङ्ख्या र सन्चालित कक्षा/तहको आधारमा विद्यालयहरुमा शिक्षकको व्यवस्थापन गर्न वान्छनीय भएकोले नेपालको सविधानको धारा २२६ तथा स्थानीय सरकार सन्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११(ज) ले दिएको अधिकार प्रयोग गरी मर्स्याङ्दी गाउँपालिकाले शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८२ बनाई लागू गरेको छ ।

## परिच्छेदः १
## प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भः यस कार्यबिधिको नाम शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८२ रहेको छ ।

२. यो कार्यविधि मर्स्याङ्दी गाउँपालिकाको गाउँ कार्यपालिकाले पास गरेको मिति देखि कार्यन्वयनमा आउनेछ ।

३. परिभाषाः बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "गाउँपालिका" भन्नाले मर्स्याङ्दी गाउँ पालिकालाई बुझिन्छ ।

ख. "गाउँ सभा"भन्नाले मर्स्याङदी गाउँपालिकाको गाउँ सभा बुझिन्छ ।

ग. "कार्यपालिका" भन्नाले मर्स्याङ्दी गाउँ कार्य पालिकालाई बुझिन्छ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझिन्छ ।

ङ. "शिक्षा समिति" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको शिक्षा समितिलाई बुझिन्छ ।

च. "शाखा प्रमुख" भन्नाले शिक्षा युवा तथा खेलकुद शाखाको प्रमुख वा सो शाखामा खटाईएको कर्मचारीलाई बुझिन्छ ।

छ. "दरबन्दी" भन्नाले नेपाल सरकारद्वारा स्वीकृत अनुदान प्राप्त स्थायी कोटा सम्झनु पर्दछ ।

ज. "राहात दरबन्दी" भन्नाले नेपाल सरकारबाट स्वीकृत राहात कोटा सम्झनु पर्दछ ।

झ. "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित अनुदान प्राप्त गर्ने मर्स्याङ्दी गाउँपालिका भित्र सन्चालित विद्यालय सम्झनु पर्दछ ।

ञ. "शिक्षक" भन्नाले सरकारी श्रोतबाट तलब भत्ता खानेगरी शिक्षक पदमा नियुक्ति भई विद्यालयमा अध्यापन गर्ने व्यक्तिलाई सम्झनुपर्दछ र सो शब्दले विद्यालयको प्रधानाध्यापकलाई समेत सम्झनु पर्दछ ।

ट. "बालविकास सहजकर्ता" भन्नाले मर्स्याङ्दी गाउँपालिका अन्तर्गतका वालविकास केन्द्रहरुमा नियुक्त भएका सहजकर्तालाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## दरबन्दी मिलानका अधारहरु

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को नियम ज को (११), मर्स्याङ्दी शैक्षिक घोषण २०७४, मर्स्याङ्दी स्थानिय शिक्षा ऐन २०७५ को परिच्छेद ५ को नियम २७, शैक्षिक तथ्याङ्क २०८२ र स्थलगत निरीक्षण समेतलाई आधार मानी शिक्षक दरवन्दि मिलान गर्न देहायका मापदण्डहरु तयार गरी लागु गरियो ।

क) कक्षा १ — ३ सञ्चालन भएका विद्यालयहरुको सम्वन्धमा ।

१. ८ जना सम्म विद्यार्थी संख्या भएको विद्यालयमा १ शिक्षक दरबन्दि कायम गर्ने ।
२. ९ देखि १५ जना विद्यार्थी संख्या भएको विद्यालयमा २ शिक्षक दरबन्दि कायम गर्ने ।
३. १६ देखि २५ जना विद्यार्थी संख्या भएको विद्यालयमा ३ शिक्षक दरबन्दि कायम गर्ने ।

ख) कक्षा १ — ५ सञ्चालन भएका विद्यालयहरुको सम्वन्धमा ।

१. १० जना सम्म विद्यार्थी संख्या भएको विद्यालयमा २ शिक्षक दरबन्दि कायम गर्ने ।
२. ११ देखि २५ जना विद्यार्थी संख्या भएको विद्यालयमा ३ शिक्षक दरबन्दि कायम गर्ने ।
३. २६ देखि ३५ जना विद्यार्थी संख्या भएको विद्यालयमा ४ शिक्षक दरबन्दि कायम गर्ने ।
४. ३६ देखि ४५ जना विद्यार्थी संख्या भएको विद्यालयमा ५ शिक्षक दरबन्दि कायम गर्ने ।
५. ४६ देखि माथि विद्यार्थी संख्या भएको विद्यालयमा ६ शिक्षक दरवन्दि कायम गर्ने ।

ग) कक्षा १ — ८ सञ्चालन भएका विद्यालयहरुको सम्बन्धमा बुँदा नम्वर क र ख मा जे भनिएता पनि आधारभूत विद्यालयको हकमा कम्तिमा कक्षागर्त दरबन्दि कायम गरिनेछ । सोका लागि न्युनतम ३ आ.वि. दरवन्दि र ५ प्रा.वि. दरवन्दि कायम गरिनेछ । तर कक्षा खाली भएका आधारभूत विद्यालयको हकमा भने कक्षागत दरवन्दि कायम हुने छैन र शुन्य संख्या भएको कक्षाको आधारमा दरवन्दि कटौति गरिनेछ । तर आ.वि. दरबन्दि अपुग भएमा उपल्लो योग्यता भएको प्रा.वि. दरबन्दिको शिक्षकहरुबाट पूर्ति गरिनेछ ।

घ) कक्षा १ — १० सञ्चालन भएको विद्यालयहरुको सम्बन्धमा बुँदा नम्बर क, ख र ग मा जे भतिएता पनि मा.वि.को हकमा हाल कायम रहेको न्यूनतम ५ मा.वि. दरवन्दि उपलब्ध गराउन नसकिएकोले मा.बि.को हकमा न्युनतम ४ प्रा.वि. दरवन्दि र प्रा.वि. तहमा ३६ जना भन्दा वढि विद्यार्थी संख्या भएमा ५ जना प्रा.वि. दरबन्दि, न्युनतम ४ आ.वि. दरबन्दि र मा.वि.को हकमा ५ दरवन्दि गरि जम्मा



CamScanner

न्युनतम १३ दरवन्दि कायम गरिनेछ । तर आ.वि. र मा.वि. दरवन्दि भनिएको संख्या अपुग भएमा उपल्लो योग्यता भएका प्रा.वि. दरवन्दिका शिक्षकहरु मध्येबाट व्यवस्था गरिनेछ । यसरी मा.वि. दरवन्दि मिलान गर्ने सन्दर्भमा भएका मा.वि. दरवन्दिहरुलाई सञ्चालनमा रहेका ९ वटा मा.वि.हरुमा आवश्यकता र विद्यार्थी संख्यालाई समेत आधार मानी सन्तुलित ढङ्गबाट वितरण गरिनेछ । साथै उत्कृष्ठ नतिजा ल्याउन सफल विद्यालयहरुको हकमा न्युनतम थप १ दरवन्दि उपलब्ध गराईनेछ ।

ङ) कक्षा १-१२ सञ्चालन भएको विद्यालयको हकमा बुँदा नम्वर क÷ देखि घ÷ सम्मको मापदण्डलाई आधार मान्दै आधारभूत तह र मा.वि. (९-१२) तहलाई ध्यानमा राख्दै प्रा.वि. तहबाट आवश्यकता अनुसार थप शिक्षक व्यवस्थापन गर्ने सकिनेछ ।

## परिच्छेद ३
## शिक्षक सरुवा र पदस्थापनाका आधारहरु

१. शिक्षकहरुको पारस्परिक सरुवाको लागि सामान्यतया व्यवस्थापन समितिको सिफारिसमा र सम्वन्धित शिक्षकहरुको सहमतिको आधारमा सरुवा गर्न सकिनेछ तर आधारभुत तह र माध्यामिक तहको शिक्षकको बिषय मिल्ने गरी मात्र सरुवा गरिनेछ । दरवन्दी मिलानको समयमा अनिवार्य अवकास पाउन १ बर्ष वा सो भन्दा कम समयावधि भएका शिक्षकहरुको विशेष परिस्थितिमा बाहेक सरुवा गरिने छैन ।

२. शैक्षिक व्यवस्थापनमा कमजोर देखिएका विद्यालयहरुको गाउँ शिक्षा समितिबाट गठित बिज्ञ सहितको निरिक्षण टोलिले विस्तृत रुपमा निरिक्षण अनुगमन गरी पेश गरेको प्रतिवेदनले विद्यालयको शैक्षिक अवस्था सुधारका लागि विद्यालयमा कार्यरत शिक्षकहरुलाई सरुवा गरी फेरबदल गर्नुपर्ने सिफारिश प्राप्त भएमा त्यस्ता विद्यालयमा कार्यरत रहेका शिक्षकहरुलाई अन्य विद्यालयमा शिक्षा समितिको सिफारिशमा सरुवा गरिनेछ । सामान्यतया कुनै एउटा विद्यालयमा १ बर्ष सेवा अवधि पुगेको शिक्षकलाई अन्य विद्यालयमा सरुवा वा काजमा खटाउन गाउँ शिक्षा समितिले महशुस गरेमा अन्य विद्यालयमा सरुवा गर्न सकिनेछ । शिक्षकहरुको सरुवा गर्दा विषय समेत मिलाईनेछ ।

३. विद्यालयमा राम्रो कार्य सम्पादन नगर्ने र विद्यालय व्यवश्थापन समितिबाट संरुवाको लागि सिफारिश भएका शिक्षकहरुको जाँचबुझ गर्दा सरुवा गर्न मनासिब देखिएमा गाउँ पालिका भित्रका अन्य विद्यालयमा सरुवा गरिनेछ । तर छानबिन गरी सफायको मौका भने दिईनेछ ।

४. कुनै विद्यालयमा विध्यार्थी सङ्ख्याका आधारमा हाल कार्यरत शिक्षक दरवन्दी कटौती गर्नुपर्ने अवस्थामा, दरबन्दी मिलान वा काजमा सरुवा गर्दा क्रमशः अस्थाई,करार,राहत र स्थाई कनिष्ठ शिक्षकलाई अन्य विद्यालयमा सरुवा व्यवस्थापन गरिनेछ तर दरबन्दी कटौती हुने विद्यालयमा उपल्लो तहमा अध्यापन

गर्न सक्ने शैक्षिक योग्यता भएका शिक्षक भएको अवस्थामा भने उपल्लो शैक्षिक योग्यता भएका शिक्षकलाई अन्य विद्यालयमा सरुवा गरी पदस्थापना गरिनेछ ।

५. प्रत्येक विद्यालयमा कम्तीमा १ जना बालविकास सहजकर्ताको व्यवस्था गरिदै लगिनेछ भने बालविकास केन्द्रमा २० जना भन्दा वढी उमेर पुगेका बालबालिकाहरु भएको विद्यालयमा २ वटा सम्म बालविकास सहजकर्ता व्यवस्था गर्न सकिनेछ।

६. समुदायमा आधारित बालविकास केन्द्रहरुमा बालविकास केन्द्रमा सन्चालन मापदण्ड अनुरुप कम्तीमा १० जना वा सो भन्दा कम भएको खन्डमा त्यस्ता बालविकास केन्द्रहरुलाई अन्य विद्यालयमा रहेको बालविकास केन्द्रमा समायोजन गरिनेछ। यसरी बालविकास केन्द्र समायोजन हुदाका बखत उक्त विद्यालयको बालविकास केन्द्रमा बालविकास सहजकर्ताको कोटा नभएको अवस्थामा उक्त समुदायमा सन्चालित बालविकास केन्द्रको सहजकर्ताको कोटा कायम गरिनेछ वा उक्त विद्यालयमा बालविकास केन्द्र समायोजन गर्दा कुल २१ जना वा ३ वर्ष उमेर पुगेका बालबालिकाहरुको सङ्ख्या भएमा उक्त सङ्ख्या कायम भए सम्मका लागी उक्त विद्यालयमा बालविकास केन्द्रको २ कोटा कायम गरी समुदायमा सन्चालित बालविकास केन्द्रको कोटा नभएको अन्य विद्यालयमा सरुवा गरी व्यवस्थापन गरिनेछ। गाउँ पालिका शिक्षा समितीको निर्णयले गाउँ पालिका क्षेत्र भित्र रहेका विद्यालयहरुका जुनसुकै शिक्षकहरुलाई आवश्यक महसुश गरेमा अन्य विद्यालयमा १ पटकमा ६ महिनामा नबढ्ने गरी काजमा सरुवा गर्न सक्नेछ ।

## परिच्छेद:४
## ब्याख्या/बाधाअड्चन

१. यो कार्यविधि लागु हुनुपूर्व भए गरेका काम कारवाहीहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

२. यस कार्यविधिको कुनै दफा संविधान वा प्रचलित सङ्घिय तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

३. बाधा अड्काउ फुकाउ:

यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा व्यवधानको परिस्थिति आएमा त्यस्तो बाधा व्यवधान फुकाउने, अस्पस्टताको व्याख्या गर्ने तथा आवस्यकता अनुसार परिमार्जन गर्ने अधिकार मर्स्याङ्दी गाउँ कार्यपालिकालाई पूर्णरुपमा हुनेछ ।